**नीति जेबि : समान शैक्षिक अवसर र गैर-विभेद**

डेनभर पब्लिक स्कूल्स डिस्ट्रिक्टमा प्रदान गरिने कार्यक्रमहरू मार्फत जात, रङ, लिङ्ग, यौनिक झुकाव, लैङ्गिक पहिचान, ट्रान्जेन्डर स्थिति, धर्म, उत्पत्ति राष्ट्र, पितापूर्खा, उमेर, वैवाहिक स्थिति, गर्भ अवस्था स्थिति, भेटेरन स्थिति, वा असक्तता (संयुक्त रूपमा "संरक्षित वर्ग") जसुकै भए पनि समान शैक्षिक अवसरहरू प्रदान गर्न प्रतिबद्ध छ। अन्यथा कुनै पनि योग्य विद्यार्थीलाई संरक्षित श्रेणी स्थितिका आधारमा कुनै पनि डिस्ट्रिक्ट कार्यक्रम वा क्रियाकलापमा सहभागिताबाट वञ्चित गरिनेछैन, लाभहरू अस्वीकृत गरिनेछैन वा गैरकानुनी विभेद वा उत्पीडनमा वा, संरक्षित वर्ग स्थितिको आधारमा क्रियाकलापामा होमिनेछैन ।

डेनभर पब्लिक स्कूल्स ("डिस्ट्रिक्ट") यौनिक उत्पीडनले विद्यार्थीको शैक्षिक सम्पादन र भावनात्मक र शारीरिक स्वस्थतामा बाधा दिन सक्छ अनि विद्यार्थीहरूले सिक्ने गैर-विभेदकारी, सुरक्षित वातावरण सुनिश्चित गर्नका लागि यौनिक उत्पीडनको निषेध र निदान गर्नुपर्दछ भनी पहिचान गर्दछ। यस अतिरिक्त, यौनिक उत्पीडनलाई यौनिक विभेदको भागका रूपमा पहिचान गरिन्छ।

समान शैक्षिक अवसर र गैर-विभेदका धारणाहरूले बोर्ड र डिस्ट्रिक्ट स्टाफहरूलाई डिस्ट्रिक्ट सुविधाहरू, शैक्षिक सामग्रीको छनोट, उपकरण, र पाठ्यक्रम, र विद्यार्थीहरूलाई असर गर्ने नियमनहरू सम्बन्धित निर्णयहरू लिन मार्गदर्शन गर्दछन्। शारीरिक र मानसिक रूपमा दुर्बल पहिचान गरिएका असक्त विद्यार्थीहरूलाई फेडेरल र राज्य कानुन र नियमनहरूको आवश्यकतासँग अनुरूप उपयुक्त सामुदायिक शिक्षा प्रदान गरिनेछ।

**उत्पीडन निषेध गरिएको छ**

व्यक्तिको संरक्षित वर्ग स्थितिका आधारमा उत्पीडनलाई राज्य र फेडेरल कानुनद्वारा निषेध गरिएको विभेदकै रूप मानिन्छ। स्कूलहरूमा त्यस्तो उत्पीडन निषेध गर्नु र उपचार गर्न गैर-विभेदकारी, सुरक्षित वातावरण सुनिश्चित गर्न आवश्यक हुन्छ जसमा विद्यार्थीहरूले सिक्छन्, कर्मचारीहरूले काम गर्छन्, र समुदायका सदस्यहरूले डिस्ट्रिक्टका सुविधाहरू र कार्यक्रमहरूमा पहुँच राख्न सक्छन् र प्राप्त गर्न सक्छन्। डिस्ट्रिक्ट कर्मचारीहरू, विद्यार्थीहरू, र तेस्रो पार्टीहरूबाट त्यस्तो सबै किसिमको उत्पीडन पूर्ण रूपमा निषेध गरिएको छ।

कुनै पनि डिस्ट्रिक्ट स्कूल, कुनै डिस्ट्रिक्ट समपित्त, कुनै पनि डिस्ट्रिक्ट वा स्कूल-अनुमोदित क्रियाकलाप वा समारोह, स्कूल बाहिरको सम्पत्ति जसमा त्यस्तो व्यवहारको सम्बन्ध स्कूलसँग हुन्छ वा कुनै पनि डिस्ट्रिक्ट पाठ्यक्रम वा गैर-पाठ्यक्रम क्रियाकलाप वा समारोहमा उत्पीडन नहुने कुरा सुनिश्चित गर्ने जिम्मेवारी डिस्ट्रिक्टका कर्मचारीहरूले र विद्यार्थीहरूले साझा रूपमा लिनु पर्दछ।

**नियमनहरूको अङ्गीकरण (एडप्सन)**

त्यस्ता प्रक्रियाहरू बोर्ड नीतिहरूसँग अनुरूप हुन्जेल सुपरिटेन्डेन्ट वा प्रतिनिधिले यस नीति कार्यान्वयनलाई आवश्यक पर्ने प्रक्रियाहरू विकसित गर्नेछन् ।

कानुनी सन्दर्भ :
शिक्षा संसोधन को शीर्षक। २० यु.एस.सि § १६८१
पुर्नस्थापना खण्ड ५०४, २९ यु.एस.सि § ७९४
नागरिक अधिकार अधिनियमको शीर्षक, ४२ यु.एस.सि § २०००डि-आर१

जेनेटिक जानकारी गैर-विभेद अधिनियम, ४२ यु.एस.सि. ट्ट २०००एफएफ र तपसिल
समान शैक्षिक अवसर अधिनियम, यु.एस.सि ट्ट १७०१-१७५८
असक्तता भएका व्यक्तिहरू शिक्षा अधिनियम, २० यु.एस.सि ट्ट १४००
सि.आर.एस. ट्ट २-४-४०१(१३.५)
सि.आर.एस. ट्ट २२-३२-१०९(१)(केके)(आइआइ)
सि.आर.एस. ट्ट २२-३२-११०(सिसि)र(डिडि)
सि.आर.एस. ट्ट २२-६१-१०१
सि.आर.एस. ट्ट २४-३४-३०१ र तपसिल
सि.आर.एस. ट्ट २४-३४-६०१ र तपसिल

क्रस सन्दर्भ

जे.बि.–आर१- विभेद वा उत्पीडनका विद्यार्थी गुनासाहरू अनुसन्धान गर्ने प्रक्रियाहरू
जेबि–आर२-१९७३ को पुनस्थापना खण्ड ५०४ र सुनुवाई प्रक्रियाहरूको खण्ड ५०४ अनुरूप विद्यार्थी योजनाहरूका लागि प्रक्रियाहरू

स्वीकृत: मार्च १८, २००६
परिमार्जित : अक्टोबर २३, २०१४